मितिः २०७१ भाद्र १७

# प्रेस विज्ञप्ति

संविधानसभामा मन्त्री परिषद्द्वारा २६ सभासद मनोनयन गर्ने प्रावधान भएतापनि ९ महिना पछि १७ जना सभासद मात्र मनोनयन गरेको र त्यसमा पनि २ महिला सभासद मात्र मनोनयन गरेकोमा **“शान्ति, न्याय र लोकतन्त्रका लागि समावेशी महिला संजाल - संकल्प”** घोर भत्सना गर्दछ ।

मनोनितहरुमा नेपाली कांग्रेसका तर्फबाट राधेश्याम अधिकारी, शिवबाहादुर खड्का, पुष्कर आचार्य, रेशम बानियाँ, सकलदेव सुतिहार, उमेश श्रेष्ठ, अनिलकुमार रुँगटा, एमालेका तर्फबाट उदय नेपाली श्रेष्ठ, अग्नी खरेल, गंगादेवी डाँगी, मीरा ध्वँजु श्रेष्ठ, पेम्वा भोटे, नरेश खरेल, राजन भट्टराई, पर्तमान घिमाल, र राप्रपा नेपालका तर्फबाट गणेश थापा रहेका छन् ।

संकल्पले संविधान सभामा न्यूनतम ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने माग राख्दै विभिन्न अभियान तथा वकालतका कार्यक्रमहरु संचालन गर्दै आएको र महिला अधिकारकालागि काम गरिरहेका विभिन्न संघ संस्था र महिला अधिकारकर्मीहरुसँग दलहहरुले जनाएका प्रतिवद्धताहरुलाई ध्यानमा राखेर मन्त्रिपरिषदले मनोनयन गर्ने २६ जना सभासदमा ५० प्रतिशत महिला मनोनयनको माग गर्दै आएको थियो । तर राजनीतिक दलहरुबाट उक्त मागको सुनुवाई नभएको र दलहरुले आफ्ना प्रतिवद्धता कदर नगरेकोमा संकल्प लगायत महिला अधिकारका लागि काम गर्ने संघ संस्थाहरु दुखित भएका छन् ।

**संकल्प** मन्त्री परिषद्ले गरेको सभासद मनोनयनलाई निर्णयलाई सच्याएर ५० प्रतिशत महिला मनोनयनका लागि जोडदार माग गर्दछ ।

**दुर्गा सोब**
**अध्यक्ष**


**Sankalpa Office**
PO Box 279
Bakhundol, lalitpur, Nepal
Ph No: +977-1-5554158/5544612, 016912305
Email: Info@sankalpa.org.np
Website: www.sankalpa.org.np